# धार्चे गाउँपालिका

र

# सिभिल बैंक बीचको सम्झौता-पत्र

गण्डकी प्रदेश गोरखा जिल्ला धार्चे गाउँपालिका (जसलाई यसपछि "गाउँपालिका" भनिएको) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत संचालित काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नम्बर ११, सुन्धारा धर्मपथ मा मुख्य कार्यालय रहेको सिभिल बैंक लिमिटेड (जसलाई यस पछि "बैंक" भनिएको) र गोरखा जिल्ला धार्चे गा.पा. स्थित गोरखा उद्योग वाणिज्य संघ, एकाई (जसलाई यस पछि "संघ" भनिएको) बीच गाउँपालिकाको कार्यालयमा बसी नेपाल सरकारको सहुलियतपूर्ण कर्जा तथा व्यावसायिक कर्जाका लागि सम्झौता गरी तीनै पक्षले एक एक प्रति बुझिलियौं दियौं ।

**सम्झौताको उद्देश्य:**

गाउँपालिका क्षेत्रका कृषि तथा पशुपंक्षी जन्य तथा अन्य क्षेत्रका व्यवसाय प्रवर्द्धन गर्नका लागि सहयोग पुर्‍याउन तथा गाउँपालिकाको नीति अनुसार व्यवसायी बन्न चाहने वा व्यवसाय संचालन गरि रहेका सबै खाले उद्यमीहरुलाई नेपाल राष्ट्र बैंकको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ अन्तर्गत योग्यता पुगेका उद्यमीहरुलाई ऋण प्रवाह तथा ब्याज अनुदान दिई स्वरोजगारीको अवसर तथा उद्यम प्रवर्द्धन गर्ने, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्ने, जनजाति तथा दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण गरी व्यवसायिकता अभिवृद्धि गर्ने, जनजाती, सिमान्तकृत, अपाङ्गता तथा विपन्न वर्गलाई विशेष प्राथमिकता दिई आय आर्जनका लागि सहुलियत प्रदान गरि उद्यमशिलता विकास तथा वित्तीय पहुँच बढाउने उद्देश्यले यो सम्झौता गरिएको छ ।

**धार्चे गाउँपालिकाको दायित्व:**

१. गाउँपालिकाको नीति तथा नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सहायता कार्यविधि २०७५ (संशोधित २०७६) बमोजिम उद्यमी व्यवसायीहरुलाई व्यवसाय शुरु तथा विस्तारका लागि आवश्यक पर्ने ऋणका लागि बैंक, गाउँपालिका,संघ र अन्य सरोकारवाला पक्षहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने ।

२. व्यवसायिक कर्जा आवश्यक पर्ने उद्यमीहरुबाट निवेदन संकलन गर्ने, छनौट गर्ने र सहुलियतपूर्ण कर्जा लगायतका कर्जा प्रवाह गर्न बैंक समक्ष सिफारिस गर्ने । छनौटका लागि सम्बन्धित बैंकका प्रतिनिधिलाई शुरुवाती चरणबाट समितिमा समावेश गराइनेछ ।

३. कर्जाको लागि उद्यमी एवं व्यवसायी तयार गर्न आवश्यक तालिम तथा परामर्श कार्य गाउँपालिकाले सञ्चालनगर्नेछ । आवश्यकता अनुसार गोरखा उद्योग वाणिज्य संघ, नीजि क्षेत्रका संघ संस्था लगायत अन्य निकायहरुबाट प्राविधिक सहयोग लिन् पनि सकिनेछ ।

४. ऋणको लागि पहिलो चरणमा गाउँपालिकामा आवेदन दिने आवेदकहरुलाई बैंकिङ कार्यमा सहयोग हुने गरि गाउँपालिकाले बैंकसंग समन्वय गरी आवेदकहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने

Gharche Rural Municipality
Office of the Municipal Executive

सक्नेछ । साथै अन्य साझेदार संस्था मार्फत समेत वित्तीय साक्षरता र व्यवसाय व्यवस्थापन तालिम समेत सञ्चालन गर्न सकिने छ ।

५. गाउँपालिकाको सिफारिशमा कर्जा लिएका व्यक्ति, फर्म वा कम्पनी कर्जाले सावाँ ब्याज नियमित नगरेमा बैंकलाई उक्त सावाँ, ब्याज रकम उठाउन गाउँपालिकाले नेपाल सरकारबाट जारि गरिएको "सहुलियत पूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धि एकिकृत कार्यविधि २०७५" मा उल्लेख भए बमोजिम निम्न कारबाही गरि कर्जा असुलीका तथा नियमितताका लागि भूमिका निर्वाह गर्नेछ:

क) ऋणीको राहदानी रोक्का गर्नको लागि गाउँ पालिकाले सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ख) ऋणीको नाममा रहेको कुनै चल अचल सम्पत्ति बिक्रि वितरण गर्न बन्देज लगाउने ।

ग) नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट वञ्चित गर्ने ।

६. लामो समय सम्म कर्जा नतिर्ने व्यक्ति वा फर्मलाई गाउँपालिकाले जन्म दर्ता र मृत्यु दर्ता बाहेकका सम्पूर्ण सिफारिश तथा गाउँपालिका बाट पाउने अन्य सेवा तथा सुविधामा बन्देज लगाई कर्जाको सावा ब्याज उठाउन बैंकलाई सहयोग गर्नेछ ।

७. अन्तिम समय सम्म पनि बैंकको सावाँ ब्याज असुल नभएमा गाउँपालिकाको ग्यारेन्टीमा विना धितो ऋण लिएका ऋणीहरुको सावा, ब्याज गाउँपालिकाले जम्मा गरेको ग्यारेन्टी रकमबाट चुक्ता गर्नेछ ।

८. गाउँपालिकाले बैंकलाई स्थलगत निरिक्षण गर्न, कर्जा प्रकृयामा कागजातहरु तयार गर्न आवश्यक सहयोग गर्नेछ ।

९. बैंकबाट कर्जा लिए पश्चात उक्त कर्जाको उपयोग-कर्जाको लागि माग भएको क्षेत्रमा भए नभएको कुरा निरिक्षण गर्ने कार्यमा गाउँपालिकाले बैंकलाई सहयोग गर्नेछ ।

**गोरखा उद्योग वाणिज्य संघको दायित्व:**

१. गाउँपालिका भित्र रहेका उद्यमी व्यवसायीहरुलाई संघको व्यवसाय सहायता कक्ष मार्फत व्यवसायिक परामर्श र उद्यम विकाससंग सम्बन्धित सूचना सम्प्रेषण गर्नेछ ।

२. गाउँपालिका भित्र रहेका कुनै पनि व्यक्तिले व्यवसाय दर्ता गर्न चाहेमा परामर्श सल्लाह सुझाव र आवश्यक कागजात तयार गरिदिने र सम्बन्धित सरकारी निकायमा दर्ता प्रक्रियाको लागि सहजीकरण गरिदिने र दर्ता भइ सकेका व्यवसायको हकमा नवीकरण, सूचिकृत गर्न र प्रत्येक आर्थिक वर्षमा तिर्नुपर्ने करहरु समयमा नै भुक्तान गरी चुक्ता प्रमाण पत्र उपलब्ध लिन गराउनमा सहयोग गर्नेछ ।

३. उद्यमी व्यवसायीलाई कर्जा लिनको लागि आवश्यक जस्तै व्यवसायको वित्तीय विश्लेषण प्रतिवेदन, व्यवसायिक योजना, अडिट रिपोर्ट, कर चुक्ता प्रमाणपत्र र सम्बन्धित बैंकको नियम अनुसार आवश्यक पर्ने अन्य कागजातहरु तयार गर्नमा सहजिकरण गरिदिने ।

Dharche Rural Municipality

Office of the Municipal Executive

Gandaki Province

४.गाउँपालिका भित्र रहेका व्यवसायहरुलाई नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको नीति नियम र कानून अनुसार दर्ता, नवीकरण साथै सूचीकृत गराएर मात्र सञ्चालन गर्न र तिर्न पर्ने बक्यौता, राजस्व तथा करहरु समयमा नै भुक्तान गर्नका लागि प्रोत्साहित गर्नेछ ।

५.गाउँपालिकाको आवश्यकता र सल्लाह सुझाव र माग अनुसार गाउँपालिका भित्र सञ्चालन भइ रहेका उद्यमी व्यवसायीहरुको व्यवसाय विस्तार, प्रगतिको अनुगमन, प्रवर्द्धन, क्षमता विकास सम्बन्धी उद्यमशीलता विकास कार्यक्रममा सहजीकरण गर्नेछ ।

६.उद्यम विकासका लागि समय सापेक्ष र व्यवसायिक वातावरणमैत्री नीति नियम, निर्देशिका तयार गर्नमा गाउँपालिकालाई आवश्यक सल्लाह, सुझावका साथै आवश्यक सहयोग गर्नेछ ।

७. सहुलियतपूर्ण कर्जाका लिन चाहेका व्यावसायीहरुको व्यवसाय क्षमता, व्यवसायीको योग्यता, व्यवसायिक दक्षता, बजार लगायतको अवस्था मुल्यांकन गरि गाउँपालिकामा सिफारिश गर्ने । यसरी सिफारिश गर्दा गाउँपालिका स्तरमा रहेको संघको इकाई वा संघले तोकेको सम्पर्क व्यक्तिले गर्न सक्ने छ ।

८. गाउँपालिका स्तरमा रहेका बैंक तथा वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गर्ने र सहुलियत वा व्यवसायिक कर्जाको तथ्यांक बैंक तथा वित्तीय संस्थासंग समन्वय गरि अद्यावधिक गर्ने ।

**सिभिल बैंकको दायित्व:**

१. गाउँपालिकाको सिफारिसमा नेपाल राष्ट्र बैंकको एकिकृत सहुलियत कर्जा सम्बन्धी कार्यविधि २०७५ बमोजिम धितो सहित वा बिना धितो ऋण प्रवाह तथा ब्याज अनुदानमा कर्जा प्रवाह गर्नेछ । धितो राखेर प्रवाह गरिएको ऋण रकम बाहेक बिना धितोमा गाउँपालिकाको सिफारिसमा प्रवाह गरिएको लगानी रकम र ब्याजको सुरक्षण दायित्व गाउँपालिकाको हुनेछ ।

२. कर्जाको ब्याजदर नेपाल राष्ट्र बैंकको एकिकृत सहुलियत कर्जा सम्बन्धी कार्यविधि २०७५ बमोजिम बैंकको आधार दरमा दुइ प्रतिशत थप गरेर निर्धारण गरिनेछ । कार्यविधि अनुसार असल वर्गमा परेका ऋणीहरुलाई आफ्नो तिर्ने ब्याजदरमा पाँच प्रतिशत र महिला उद्यमशिल कर्जामा ६ प्रतिशत छुटको लागि नेपाल राष्ट्र बैंकमा ब्याज अनुदान प्राप्तिका लागि सिभिल बैंकले राष्ट्रबैंकसंग समन्वय गरि सम्बन्धित ऋणीको चल्ती खातामा जम्मा गरिनेछ । गाउँपालिकाको तर्फबाट पनि ब्याजमा थप सहुलियत दिने निर्णय भएको खण्डमा हरेक महिना सहुलियत ब्याज रकम सिभिल बैंकमा ग्यारेन्टी राखेको कोषबाट कट्टा हुने गरि गाउँपालिकाले बैंक मार्फत बैंकलाई भुक्तान गर्नेछ ।

३. ब्याजमा अनुदान दिने कर्जामा बैंकले सेवा शुल्क लिने छैन ।

४. नेपाल राष्ट्र बैंकको सहुलियत पूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धि एकिकृत कार्यविधि २०७५ अनुसार छनोटमा परेका व्यवसायीहरुलाई गाउँपालिकाले सहुलियत ऋण सिफारिश तथा ग्यारेन्टी गर्नेछ । बैंकले गर्ने ऋण लगानी गाउँपालिका र सिभिल बैंक बीचको सम्झौता बमोजिम हुनेछ र सोहि बमोजिम गाउँपालिकाले सहजिकरण गर्नेछ ।

CIVIL BANK

५. गाउँपालिकाको सम्पूर्ण ग्यारेन्टी र जमानतमा लगानी गर्ने ऋण बाहेक अन्य ऋण बैंकले आफ्नो कार्यविधी, नीति बमोजिम कर्जा लगानी गर्नेछ ।

६. कर्जा स्वीकृतीको अन्तिम अधिकार बैंकलाई रहनेछ । बैंकले परियोजना तथा यसको सम्भाव्यतालाई मुख्य आधारको रुपमा लिई  कर्जा स्वीकृत गर्नेछ ।

७. गाउँपालिकाले बैंकमा कर्जाको लागि सिफारिस गर्दा छनौट चरणमै बैंकलाई सहभागी गराउने हुँदा अन्य कुराहरु यथावत रहेको सन्दर्भमा सिफारिस भै आएका ऋणीलाई लगानी गर्ने बैंकको प्रधान कार्यालयमा सिफारिस गरि पठाउनेछ र कर्जा स्वीकृत भै आएका ऋणीलाई मात्र सम्पूर्ण बाँकी प्रकृया पुरा भए पछि बैंकको     शाखा मार्फत कर्जा प्रवाह गरिनेछ ।

८. यस सम्झौतामा उल्लेख भएका शर्तहरु यसै बमोजिम र उल्लेख नभएका अन्य विषयमा प्रचलित  कानून बमोजिम हुनेछ ।

९. गाउँपालिकाको सिफारिशमा आएका कर्जा प्रस्तावलाई विशेष प्राथमिकतामा राखी बैंकले कर्जा प्रक्रिया अघि बढाउनेछ ।

११ गाउँपालिकाबाट कर्जाका लागि सिफारिश भै आएका प्रस्ताव तथा ग्राहकलाई बैंकले छुट्टै युनिट र  कर्मचारी व्यवस्था गरि सहज सेवा प्रदान गर्नेछ । यस्ता सेवालाई बैंकले उच्च प्राथमिकता दिने छ ।

१२. गाउँपालिकाले सम्पूर्ण जमानत दिएर बिना धितो कर्जा सिफारिश गरेकोमा बैंकले कुनै पनि किसिमको धितो लिने छैन । सोका लागि गाउँपालिकाले बैंकमा राखेको निक्षेप वा स्वयं गाउँपालिका नै ग्यारेन्टी हुन धितो मानिनेछ । धितो राखेर ऋण लिने ऋणीहरुका हकमा राष्ट्र बैंकको एकिकृत सहुलियत कर्जा कार्यविधि  अनुसार गरिनेछ ।

१३. सहुलियतपूर्ण कर्जा लिने ऋण लिने ऋणीहरुको बैंकले समृद्ध बचत अभियान खाता खोलि दिनेछ । जसमा अधिकतम ब्याजदर, निशुल्क एसबिएस सुविधा, निशुल्क भिसा डेबिट कार्ड प्रदान गर्ने र बैंकको तर्फबाट रु. १००। खातामै जम्मा गरिदिने व्यवस्था हुनेछ ।

१४. यो सम्झौतामा उल्लेख गरिएका बुँदाहरु आवधिक हुने र खारेज हुने गरि नेपाल सरकारले कुनै निर्णय गरेमा सोहि बमोजिम हुनेछ ।

१५. यो सम्झौतामा केहि विषय थपघट गर्नु परेमा गाउँपालिका, संघ र बैंकको आपसी सहमतिमा गरिनेछ ।

Dharche Rural Municipality
Office of the Municipal Executive
Gandaki Province

CIVIL BANK

गाउँपालिकाको तर्फबाट

नाम: [illegible] गुरुङ
पद: [illegible]
मिति: २०७६/०८/०७

बैंकको तर्फबाट

नाम: गोविन्द गुरुङ
पद: प्रमुख कार्यकारी अधिकृत
मिति: २०७६/०८/०७

गोरखा उद्योग वाणिज्य संघको तर्फबाट

नाम: ...धार्मा गुरुङ...
पद: सदस्य (Dharche B.P. CCI Unit)
मिति: २०७६/०८/०७

साक्षी
१. सुर्यबहादुर
२. चितारमन पोखरेल

इति सम्वत् २०७७ साल पौष महिना ५ गते रोज ३ शुभम् ...............................।